श्री

विशेष अदालत काठमाण्डौ

इजलास नं. १

सदस्य माननीय श्री सुदर्शनदेव भट्ट

सदस्य माननीय श्री डिल्लीरत्न श्रेष्ठ

सदस्य माननीय श्री विदुर कोइराला

आदेश

मुद्दा नं.: ०८२-CR-००१५

निवेदन नं.: ०८२-OA-०४६१

नेपाल सरकार---------------------------------------------------------------------------------------वादी

विरुद्ध

राजकुमार गुसा----------------------------------------------------------------------------- प्रतिवादी

मुद्दाः रिसवत(घुस)।

निवेदनसाथ उपस्थित भएका प्रतिवादी राजकुमार गुसाको बयान कार्य सम्पन्न भई मिसिल कागजात अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहन्यायाधिवक्ताद्वय श्री गोविन्द खनाल र श्री उमाकान्त पौडेल तथा विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री घनश्याम घिमिरे र प्रतिवादी राजकुमार गुसाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री भरत लम्साल र श्री कृष्ण प्रसाद पोखरेलले गर्नु भएको वहससमेत सुनियो।

प्रतिवादी राज कुमार गुसाले आफू समेतले रिसवत लिई लिन लगाई राष्ट्रसेवक बाहेकका अन्य व्यक्ति प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम बहादुर पुनलाई मोलाहिजा गरी अन्य व्यक्ति एवं नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सार्वजनिक नागरिकहरुलाई अनिष्ट गर्न र अन्य प्रतिवादीहरुका निमित्त समेत रिसवत लिई लिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी राज कुमार गुसालाई विगो रु.७८,००,०००।– (अक्षरेपी अठहत्तर लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना सजाय गरी लिइसकेको घुस रिसवत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम जफत हुन, साथै निज प्रतिवादी राज कुमार गुसाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री र संघीय संसद प्रतिनिधि सभा(हाल विघटित) सदस्य पदमा रहेको अवस्थामा निज प्रतिवादी राज कुमार गुसाले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि

उल्लिखित मागदावीबमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायसमेत गरिपाउँ, भन्ने बेहोराको आरोपदावी रहेको देखिन्छ।

यी प्रतिवादीले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग आयोगमा र आज यस अदालतमा बयान गर्दा रजिता श्रेष्ठ बाहेकका अन्य प्रतिवादीहरूलाई म चिन्दिन, आरोपित उजुरी गलत हो, कसैसँग घुस रिसवत रकम लिएको छैन, उजुरी निवेदनसाथ प्राप्त अडियो रेकर्डमा भएको कुराकानी गलत र वाहियात हो। गलत प्रविधिको दुरुपयोग हुन सक्छ भनी कसुरमा इन्कार रहेको देखिन्छ।

अब यी प्रतिवादी राजकुमार गुसाको हकमा प्रस्तुत मुद्दाको पुर्पक्ष के कसरी गर्ने भन्ने आदेशतर्फ विचार गर्दा, प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय, कास्कीबाट भएको सरुवा थमौती गराईदिने तथा खम बहादुर पुनलाई भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्षमा नियुक्ति गराईदिने भनी घरजग्गा व्यवसायीसँग घुस/रिसवत बापत रकम लिएको भन्ने उजुरी निवेदन, उजुरीसाथ पेश भएको अडियो भिडियोको स्क्रिप्ट उतारबाट देखिएको यी प्रतिवादी राजकुमार गुसा र अन्य प्रतिवादीहरू रजिता श्रेष्ठ र सुजनकुमार तामाङ समेतका बीचमा भएको फोन संवादमा उल्लिखित विषयहरू र सो संवादको फरेन्सिक परीक्षण प्रतिवेदन, सहप्रतिवादी सुजनकुमार तामाङले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष गरेको बयान, सुरज शाह ठकुरी र यमकुमारी गुरुङसमेतबीच मिति २०८१/०२/२० मा भएको करारपछि यामकुमारी गुरुङको नाममा रहेको बैंक खातामा प्रतिवादी तुल्सीराम बुढामगरले रकम जम्मा गरेको र रकम झिकेको भन्ने गरिमा विकास बैंकको स्टेटमेन्ट विवरण, प्रतिवादीहरुबीचको फोन सम्पर्कको डिटेल विवरण, प्रतिवादी राजकुमार गुसालाई सहप्रतिवादीहरू रामचन्द्र अधिकारी, रजिता श्रेष्ठ र सुजन कुमार तामाङले पठाएको एस.एम.एस. विवरण, प्रतिवादी रामचन्द्र अधिकारीको सरकारी निवासमा रकम गणना गरिएको र गाडीमा राखिएको बेलामा खिचेको फोटोहरू भनी उजुरीसाथ पेश भएका फोटाहरु समेतका तत्काल प्राप्त प्रमाणहरू मिसिल संलग्न रहेको देखिन्छ। सो अवस्थामा यी प्रतिवादीको संलग्नता, भूमिका, पदीय हैसियत, जिम्मेवारी तथा जवाफदेहिता समेतलाई मध्यनजर गर्दा निज प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ङ) को अवस्थाको विद्यमानता रहेको देखियो।

तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा यी प्रतिवादीको हकमा ठहरे बमोजिम हुने गरी माथि उल्लिखित तत्काल प्राप्त मिसिल सम्लग्न प्रमाणहरूको आधारमा निज प्रतिवादी राजकुमार गुसालाई प्रस्तुत मुद्दाको पूर्पक्षका लागि विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (१) बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

सदस्य | सदस्य | अध्यक्ष

आदेश सुनी सही गर्ने प्रतिवादी:

राजकुमार गुसा

इति संवत् २०८२ साल पुस महिना १६ गते रोज ०४ शुभम्...........................................।